प्रमुख प्रशासकीय अधिकृत

बैठक संख्या ६

आज मिति २०८० साल माघ २३ गते का दिन दशरथचन्द नगरपालिका को बैठक कार्यपालिका अध्यक्ष श्री मधुकृष्ण पन्त ज्यू को अध्यक्षतामा बैठक बसी देहाय अनुसारको निर्णय गरियो।

उपस्थिति

श्री मधुकृष्ण पन्त - अध्यक्ष
श्री नर्मदा भण्डारी - उपाध्यक्ष
श्री धानानन्द भण्डारी - सदस्य
श्री जङ्ग बहादुर राउसकोटी - सदस्य
श्री तेजकान्त कुमाल - सदस्य
श्री डिलाराम न्यौपाने - सदस्य
श्री कृष्ण प्रसाद पन्त - सदस्य
श्री धर्म बहादुर ढवाल - सदस्य
श्री दुर्गा प्रसाद सुनार - सदस्य
श्री रमेश परियार - सदस्य
श्री पुष्पा सार्की - सदस्य
श्री कल्पना सिंजाली - सदस्य
श्री निर्मला मुड्डी कुँवर - सदस्य
श्री कमला पारवोल दमाला - सदस्य
श्री कृष्ण प्रसाद पन्थी - सचिव
श्री सन्तोष जि.सी. - ल.अ.
श्री प्रेमलाल भण्डारी - ले.पा.
श्री सागर खनाल - का.स.
श्री अनन्त पचमैया - का.स.

मधु कृष्ण पन्त
अध्यक्ष

प्रमुख प्रशासकीय अधिकृत

**मिति २०७८।०८।२३ गते बसेको कार्यपालिका बैठकको निर्णय।**

**नि.नं.१-**

यस छत्रकोट गाउँपालिकामा कार्यरत प्राविधिक कर्मचारी ३ जना सरुवा भई रमाना हुने भएकोले १ जना सब-इन्जिनियर २ जना अ.स.ईन्जिनियरहरुको करार सेवाको लागि विज्ञापन गर्ने निर्णय गरियो।

**नि.नं.२-**

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पत्रको सम्बन्धमा छलफल गर्दा लेखिएको भएतापनि विगतमा वडाहरुले सिफारिस गरेको समिति मार्फत काम गर्ने / गराउने गरी सम्झौता अगाडी बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो।

**नि.नं.३-**

यस छत्रकोट गाउँपालिका अन्तर्गत निम्न योजनाहरुलाई गत वर्षको अ.ल्या. रकम मध्येबाट देहाय बमोजिमको रकम उपलब्ध गराउने निर्णय गरियो।

१. प्रगति प्रा.वि. भुल्के तारबार एवं कम्पाउण्ड निर्माण रु. ६००००।–
२. बोहा प्रतिक्षालय कर्कटपाता रु. २००००।–
३. बाँसखर्क सडक संरक्षण लिफ्ट खा.पा. पहुँच मार्ग रु. १५००००।–
४. झेर्दी सामुदायिक स्वा.इकाई जिप्सन र वाल निर्माण रु. ३०००००।–

**नि.नं.४-**

असहाय उपचार सहायता समितिको सिफारिस अनुसार देहायका व्यक्तिहरुलाई निम्नानुसारको रकम असाहय उपचार कोषाबाट उपलब्ध गराउने निर्णय गरियो।

| क्र.सं. | सहायता प्राप्त गर्नेको नाम/थर | ठेगाना | स्वास्थ्य समस्या | रकम |
|---|---|---|---|---|
| १ | मिना घर्ती मगर | छत्रकोट-६ | फेसियल पाल्से | ७०००।- |
| २ | बल बहादुर नेपाली | छत्रकोट-६ | फोक्सोको क्यान्सर | १००००।- |
| ३ | लोकनाथ भण्डारी | छत्रकोट-१ | पिसाब थैलीको क्यान्सर | १००००।- |
| ४ | पदमा भण्डारी | छत्रकोट-१ | घाँटीको समस्या | १००००।- |
| ५ | पिताम्बर पौडेल | छत्रकोट-३ | मुटुको समस्या | ७०००।- |
| ६ | मिन प्रसाद श्रेष्ठ | छत्रकोट-३ | मुटुको समस्या | ८०००।- |
| ७ | मुक्त बहादुर गाहा | छत्रकोट-३ | मृगौला रोग | १००००।- |
| | | | **जम्मा** | ६२०००।- |

**नि.नं.५-**

छत्रकोट गाउँपालिका वडा नं. ३, धरमपानीमा आर्युवेदिक शाखा स्थापनाका लागि गाउँपालिकाको वडा नं. ३, धरमपानी काफलथुम्का निवासी श्री हिमलाल काफ्लेको छोरा वर्ष ४८ को ढुण्डीराज काफ्लेको नाममा रहेको साविक हर्दिनेटा गा.वि.स. वडा नं. ४ कि.नं. १४९० को क्षेत्रफल रोपनी १-०-०-० मध्ये बाट पूर्व तर्फको क्षेत्रफल ०-११-०-० को जग्गा छत्रकोट गाउँपालिकालाई निःशुल्क प्रदान गर्न मञ्जुर भएकोले उक्त जग्गा छत्रकोट गाउँपालिकाको नाममा नामसारी गरी ल्याउनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने सर्वसम्मतले निर्णय गरियो।

लघु कृष्ण पन्त
अध्यक्ष

CamScanner